# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

खण्डः ८ संख्याः १० मितिः२०८१/०७/२३


## भाग - २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** बागमती गाउँपालिकाको गाउँ सभाबाट पारित भई लागू रहेका छुट्टाछुट्टै कानुनमा भएको व्यवस्था बमोजिम गाउँपालिकाले जफत गरेका वा गाउँपालिकाको कानुनी कारवाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आइ तोकिएको म्याद भित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका मालसमान एवं पुराना सवारी साधन, चौपाया र गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका वडा कार्यालय लगायतका सरकारी कार्यालयमा रहेको पुराना मेशिनरी औजार, भारी उपकरण, पुरानो सवारी साधन, फर्निचर तथा जिन्सीका रुपमा आम्दानी बाँधी राखिएका पुराना भई कार्यालयमा प्रयोजनहीन रुपमा रहेका अन्य सरसामानहरू आदि लिलाम बिक्री गर्ने प्रयोजनका लागि बागमती गाउँपालिकाको कार्यपालिका बैठकले बागमती गाउँपालिकाको माल सामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८१ बनाई जारी गरेको छ।

### परिच्छेदः- १

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "बागमती गाउँपालिकाको मालसामान लिलाम सम्बन्धी कार्यविधि, २०८१" रहने छ।

ख. यो कार्यविधि बागमती गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले बागमती गाउँपालिकाको मालसमान लिलाम सम्बन्धी कार्यविधि, २०८१" लाई सम्झनु पर्नेछ।

ख. "कार्यपालिका" भन्नाले बागमती गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ।

ग. "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस कार्यविधि वा गाउँ कार्यपालिका बैठकले बेलाबेलामा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

घ."समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

**३. उद्देश्यः**

यस कार्यविधिको उद्देश्य निम्न अनुरुप रहेको छ :

क. बागमती गाउँपालिकाले कानुन बमोजिम जफत गरेका सरसामानको समयमा नै उचित व्यवस्थापन गर्ने।

ख. कानुन विपरित गतिविधि गरेको आरोपमा गाउँपालिकाको नियन्त्रणमा परि आएका पुराना सवारी साधन लगायतका अन्य जुनसुकै किसिमको मालसमान र चौपाया समेत सम्बन्धित धनी तोकिएको समयभित्र कार्यालयमा उपस्थित भइ लागेको जरिवाना बुझाइ फिर्ता नलगेको अवस्था भएमा त्यस्ता मालसामान तथा चौपायाको समेत लिलाम बिक्री गरी उचित व्यवस्थापन गर्ने।

ग. बागमती गाउँपालिका कार्यालय, यस गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरूमा प्रयोगहीन अवस्थामा रहेका तथा पुराना भइ सडीगली सकेका सबै किसिमका मालसमान तथा पुराना सवारी साधनहरू समेत लिलाम बिक्री गरी कार्यालयलाई परिसर सफा राख्ने एवं यसका माध्यमबाट गाउँपालिकाको आम्दानीको स्रोत समेत बृद्धि गर्ने।

**४. कार्यविधि कायान्वयनका लागि समितिः**

यो कार्यविधि अनुरुप लिलाम बिक्री गर्ने प्रयोजनका लागि निम्न बमोजिमको समिति रहने छ :-
यो समितिले गरेको निर्णय अनुसार लिलाम बिक्री हुनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

ख. गाउँपालिका प्रमुखले तोकेको गाउँ कार्यपालिकाको सदस्य- सदस्य

ग. गाउँपालिकाको अधिकृत स्तरको प्राविधिक कर्मचारी -सदस्य

घ. बागमती गाउँ कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ प्रतिनिधि -सदस्य

ङ. आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य

च. गाउँपालिकाको जिन्सी शाखाको प्रमुख- सदस्य सचिव

**५. लिलाम बिक्री गर्न सकिनेः**

क. बागमती गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा रहेका पुराना भइ प्रयोग गर्न सकिने अवस्थामा नरहेका भनी प्राविधिकबाट परीक्षण भएका सवारी साधन र मेशिनरी औजारहरू समेत लिलाम बिक्री गर्न उपयुक्त हुने भनी कार्यपालिकाले ठहर गरेका मेशिनरी सामान र पुराना सवारी साधनहरू।

ख. गाउँ कार्यपालिकाको कार्यालय र अन्तगर्तका वडा कार्यालय लगायतका कार्यालयमा रहेका पुराना भइ प्रयोग विहीन भएका एवं मर्मत संभारबाट समेत पुनः प्रयोग गर्न सकिने अवस्था नरहेका फर्निचर लगायतका जिन्सी समानहरू।

ग. बागमती गाउँपालिकाको स्थानीय कानुन बमोजिम जफत भई आएका मालसमानहरू।

घ. बागमती गाउँपालिकाको स्थानीय कानुन कार्यान्वयनको सिलसिलामा नगर प्रहरीले नियन्त्रण गरी गाउँपालिका कार्यालयमा दाखिला गरेका सबै किसिमका सामान, पुराना सवारी साधन एवं चौपायाहरू तोकिएको समय भित्र जरिवाना बुझाइ फिर्ता लग्न गरिएको सूचना भित्र सम्बन्धित धनीले फिर्ता नलगेका सामान, पुराना सवारी साधन तथा चौपाया।

**६. समितिको काम, कर्तव्य र अधिकारः**

क. दफा ५ मा उल्लिखित लिलाम बिक्री गर्नु पर्ने सबै वर्गका सरसामानहरू लिलाम बिक्री गर्ने प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन कायम गर्ने।

ख. समितिले मूल्याङ्कन कायम गर्दा देहायका कुरामा विचार गर्नुपर्दछ :

अ. बजारको प्रचलित मूल्य।

आ. लिलाम बिक्री हुने सामानको अवस्था, उपयोगिता, सेवा आयु, ह्रासकट्टी अवशेष र मूल्य।

इ. सवारी साधन वा मेशिनरी औजार भए बनेको साल, मोडल, आउटडेटको अवस्था।

ई. भन्सार नतिरेका मालसमानको मूल्य कायम गर्दा भन्सार मूल्य समेत समावेश गरी सो शुल्कमा समेत ह्रास कट्टा गर्नु पर्नेछ। समितिले मूल्याङ्कन गर्दा सम्बन्धित विशेषज्ञबाट परीक्षण गराई लिलाम बिक्री गर्न लागेको सरसामान पुनः प्रयोग मूल्य हुन सक्ने, नसक्ने वा मर्मत् गर्दा लाग्ने लागत समेतलाई दृष्टिगत गरी मूल्य कायम गर्नुपर्नेछ।

ग. लिलाम बिक्री गर्नुपर्ने मालसमानको पहिचान एवं यकिन गर्ने।

**७. लिलाम गर्ने विधि एवं प्रकृयाः**

क. दफा ६ बमोजिम लिलाम बिक्री गर्ने मालसमानको मूल्य तय भए पश्चात् प्रमुख प्रशासकीय अधिकृतको आदेशमा सम्बन्धित शाखाले लिलाम बिक्री गर्नुपर्ने मालसमानहरूको सूची तयार गरी गाउँ

कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ। गाउँ कार्यपालिकाको बैठकबाट सूची बमोजिमका मालसमानहरूको लिलाम बिक्री गर्ने सहमति प्रदान भएपछि लिलाम सम्बन्धी कारवाही सुरु हुनेछ।

ख. उपदफा (क) बमोजिम लिलाम बिक्री गर्न समितिबाट सहमति प्रदान भएका मालसामानहरू लिलाम बिक्री गर्नका प्रयोजनका लागि एक लाख रुपैयाँ सम्मको माल समान भए १५ दिन सम्म र सो भन्दा बढि मूल्यको मालसमान भए २१ दिन सम्मको म्याद दिई देहायका कुरा समेत खुलाई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ :-

अ. लिलाम बिक्री गर्ने मालसमानको विवरण ।

आ. मालसमानको न्यूनतम मूल्य।

इ. लिलाम बढाबढ हुने स्थान समय र मिति।

ई. न्यूनतम मूल्यबाट नै बढाबढ हुने कुरा।

उ. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै बोलिएको अंकको दश प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा तथा डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्ने कुरा।

ऊ. लिलाम सकार गरेको मालसमान उठाइ लैजानुपर्ने अवधि र अन्य आवश्यक कुराहरू।

ग. लिलाम सकार गरेको जिन्सी मालसमान तोकिएको समयभित्र कवोल गरेको पूरा रकम बुझाई नउठाएमा सो वापत राखिएको धरौटी जफत गरी पुनः लिलाम बिक्री गरिनेछ।

घ. लिलाम बिक्री गरिने मालसमान, मेसिनरी औजार वा सवारी साधन भएमा त्यस्तो मेसिनरी औजार वा सवारी साधनको लिलाम बिक्री पछि दर्ता नामसारी हस्तान्तरण वा दाखिल खारेज हुन सक्ने नसक्ने विषयमा यकिन गर्नुपर्ने अवस्था रहेमा सम्बन्धित निकायमा लेखी त्यस्तो निकायले त्यस्तो मेसिनरी सामान औजार वा सवारी साधन दर्ता नामसारी हस्तान्तरण वा दाखिल खारेज हुन नसक्ने भनी प्रमाणित गरिदिएमा प्रमुख प्रशासकीय अधिकृतको आदेश लिई त्यस्तो मेसिनरी औजार वा सवारी साधन पुनः प्रयोग हुन नसक्ने गरी खोली टुक्राइ त्यसमा रहेको धातु वा पत्रुमूल्य (Scrap Value ) कायम गरी लिलाम बिक्री गरिनेछ।

ङ. उपदफा (ख) बमोजिम प्रकाशित सार्वजनिक सूचनामा कसैको दरखास्त नपरी वा परेर पनि लिलाम हुन नसकेमा घटीमा सात दिनको समय दिई पुनः एकपटक उपनियम ८ बमोजिम सूचना प्रकाशन गरी लिलाम बिक्री गर्नुपर्ने छ।

च. पुनः लिलाम बढाबढका लागि सूचना गर्दा पनि लिलाम हुन नसकेमा समितिबाट लिलाम गर्नुपर्ने सामानको पुनः मूल्याङन गराई गाउँपालिका अध्यक्षको जानकारीमा प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्री गर्नुपर्ने समान सिधै बिक्री गर्न सक्नेछ।

छ. लिलाम बिक्री भई आएको रकम गाउँ कार्यपालिकाको कोषमा दाखिला गर्नुपर्नेछ।

**८. बोलपत्रबाट लिलाम बिक्री गर्न सकिनेः**

यस कार्यविधिमा अन्यत्र जे जुन सुकै कुरा उल्लेख गरिएको भएता पनि कुनै मालसमान वोलपत्रका माध्यमबाट लिलाम बिक्री गर्न मनासिव देखिएमा मालसमान हेर्न सक्ने व्यवस्था मिलाइ २१ दिनको म्याद लिई बोलपत्र माग गर्न सकिने छ। यसरी बोलपत्र आह्वान गरिएकोमा बोल अंकको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ। अन्य आवश्यक प्रकृया प्रमुख प्रशासकीय अधिकृतको आदेश बमोजिम सम्बन्धित शाखाले अवलम्बन गरी लिलामी प्रकृया सम्पन्न गर्न सक्नेछ।

**९. विशेष प्रकृतिका मालसमानको व्यवस्थापनः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम लिलाम गर्न नमिल्ने र सडी गली वा अन्य कुनै तरीकाले नष्ट भई सकेका सामान प्रमुख प्रशासकीय अधिकृतको आदेशमा कम्तीमा २ जना गाउँ कार्यपालिकाका सदस्यको उपस्थितिमा सम्बन्धित शाखा प्रमुखले मुचुल्का खडा गरी सार्वजनिक रुपमा सडाउने, जलाउने वा अन्य प्रकारले नष्ट गर्ने वा हटाउने काम गर्न सक्नेछ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर